# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, असोज २६ गते, २०७७ साल (अतिरिक्ताङ्क १३

## भाग २

### प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालयको सूचना

<u>संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति (गठन) आदेश, २०७७</u>

प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति (गठन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अस्पताल" भन्नाले संक्रामक तथा सरुवा रोग अस्पताल सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको संक्रामक तथा सरुवा रोग अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

**३.** **<u>समितिको गठनः</u>** (१) संक्रामक तथा सरुवा रोगको निदान, उपचार तथा रोकथाम गर्नको लागि संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन तथा सञ्चालन समिति नामको एक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारबाट मनोनीत -अध्यक्ष

(ख) पोखरा महानगरपालिकाको नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिका सदस्य -सदस्य

(ग) सामाजिक विकास मन्त्रालयको स्वास्थ्य सेवाको कम्तीमा अधिकृतस्तर नवौं तहको कर्मचारी -सदस्य

(घ) समाजसेवीहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ङ) स्वास्थ्य सम्बन्धी विज्ञता हासिल गरेको वा स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धानमा अनुभव प्राप्त चिकित्सक मध्ये मन्त्रालयले मनोनीत गरेको एक जना -सदस्य

(च) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) देहायको योग्यता भएको व्यक्ति समितिको देहाय बमोजिम सदस्य वा अध्यक्षको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा पैंतिस वर्ष उमेर पूरा भएको,

(ग) अध्यक्षको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको।

(४) देहायको व्यक्ति अस्पताल व्यवस्थापन समितिको अध्यक्ष, सदस्य वा सदस्य-सचिव पदमा नियुक्तिका लागि अयोग्य हुनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको,

(ख) सार्वजनिक लाभको पदमा बहाल रहेको।

**<u>स्पष्टीकरणः</u>** यस खण्डको प्रयोजनको लागि "सार्वजनिक लाभको पद" भन्नाले नियमित रुपमा हाजिर भई पारिश्रमिक पाउने सरकारी सेवाको पदलाई सम्झनु पर्छ।

(५) अध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत सदस्यले आफ्नो पद अनुरुपको आचरण वा काम नगरेमा अध्यक्षलाई प्रदेश सरकारले र सदस्यलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालका लागि आवश्यक पूर्वाधार, उपकरण, सवारी साधन, जनशक्ति विकास, अध्ययन अनुसन्धान आदिको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ख) अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्ने,

(ग) अस्पतालको अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने,

(घ) अस्पतालको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ङ) अस्पतालबाट प्रदान गरेको रोगको निदान, उपचार र अन्य सेवा बापत लिने शुल्क निर्धारण गर्ने,

(च) निःशुल्क तथा सहुलियत दरका शय्याको सङ्ख्या यकिन गरी शुल्क निर्धारण गर्ने,

(छ) गरीब, असहाय र अशक्त बिरामीको लागि सहुलियत दरका शुल्क निर्धारण गर्ने,

(ज) निःशुल्क उपचारको व्यवस्था गर्ने सम्बन्धमा मापदण्ड बनाउने,

(झ) अस्पताल र समुदायको बीचमा समन्वय र सहकार्य गर्ने तथा स्रोत साधनको व्यवस्थापन गर्ने।

**५. समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकको मिति, समय, स्थान र छलफल हुने विषय सहितको जानकारी सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा सर्वसम्मतिमा निर्णय गरिनेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी समितिका सबै सदस्यलाई पठाउनुका साथै अभिलेख राख्नु पर्नेछ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा पदाधिकारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) अस्पतालको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापन गर्न एक कार्यकारी निर्देशक रहनेछ।

(२) चिकित्सा विज्ञानमा कम्तीमा स्नातकोत्तर गरेको र स्वास्थ्य सेवाको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि योग्य हुनेछ।

(३) कार्यकारी निर्देशक नियुक्ति गर्ने प्रयोजनका लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रदेश सरकारको सामाजिक विकास मन्त्री -संयोजक

(ख) प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष -सदस्य

(ग) मन्त्रालयले तोकेको विज्ञ -सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकारले कार्यकारी निर्देशक नियुक्ति गर्नेछ।

(५) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हित विपरीत काम गरेमा प्रदेश सरकारले पदावधि पूरा नहुँदै निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको प्रशासकीय प्रमुखको रूपमा दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने, गराउने,

(घ) अस्पतालको काम कारबाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) संक्रामक तथा सरुवा रोगको निदान, उपचार तथा रोकथाम गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(च) अस्पतालमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(छ) संक्रामक तथा सरुवा रोग सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ज) संक्रामक तथा सरुवा रोगसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय गोष्ठी तथा सेमिनार आयोजना गर्ने,

(झ) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने, गराउने,

(ञ) अस्पतालको सेवा प्रवाहमा सुधार गर्न आवश्यक कार्य गर्ने,

(ट) समितिको सदस्य-सचिवको रूपमा काम गर्ने,

(ठ) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ड) अस्पतालको लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

८. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) अस्पतालको कार्य सम्पादनको लागि अस्पतालमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिम अस्पतालमा रहने कर्मचारीको सङ्गठन र दरबन्दी प्रदेश सरकारको स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिले लोक सेवा आयोगबाट स्वीकृत सिद्धान्त बमोजिम कर्मचारी करारमा नियुक्ति गर्न सक्नेछ।

(४) समितिले उपदफा (३) बमोजिम कर्मचारी नियुक्ति नगरेसम्म मन्त्रालयले नेपाल स्वास्थ्य सेवामा कार्यरत वा सामुदायिक अस्पताल हस्तान्तरण हुनु अगाडिदेखि कार्यरत कर्मचारीलाई अस्पतालमा कामकाज गर्न लगाउन सक्नेछ।

(५) समितिले मन्त्रालयको सहमतिमा करारमा आवश्यकता अनुसार विज्ञको सेवा लिन सक्नेछ।

(६) समितिबाट नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) समितिका कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रदेश सरकार मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) कोषको रकम स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नु पर्नेछ।

(४) समितिको कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) समितिको कोषको सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१०. **लेखा र लेखा परीक्षणः** (१) अस्पतालको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) अस्पतालको लेखाको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालय वा उक्त कार्यालयले तोकेको लेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले अस्पतालको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच गर्न सक्नेछ।

११. **उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** समितिले आफ्नो काम सुचारू रुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरू समेत रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

१२. **बैठक भत्ताः** समिति, उपसमिति वा कार्यदलका सदस्यहरूले पाउने बैठक भत्ता प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम हुनेछ।

१३. **वार्षिक प्रतिवेदन पेश गर्नेः** समितिले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१४. **अधिकार प्रत्यायोजनः** समितिलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१५. <u>समितिको कार्यालयः</u>** समितिको कार्यालय अस्पताल रहेको स्थानमा रहनेछ।

**१६. <u>निर्देशन दिनेः</u>** मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१७. <u>प्रदेश सरकारसँग सम्पर्कः</u>** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

**१८. <u>नियम बनाउने अधिकारः</u>** (१) यस आदेशको कार्यान्वयनको लागि समितिले आवश्यक नियम, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बनाइएको नियम, निर्देशिका वा मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

प्रमाणीकरण मितिः२०७७।०६।२६

आज्ञाले,
डा. रामप्रसाद घिमिरे
प्रदेश सरकारको सचिव

**मुद्रक** : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश। मूल्य रु १०।-